# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
३ नं. प्रदेश
भरतपुर, चितवन, नेपाल


मैत्रीपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

प.सं. ०७५/७६ सा.प्र.म.शा.
च.नं. २२५६

मिति २०७५/०९/०९

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०९/०७ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..............................
(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय Website मा राख्नु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)


Scanned by CamScanner

## भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको २३औं बैठकका निर्णयहरु

## (२०७५ पौष ७ गते)

१. २०७५ पौष १० गते सञ्चालन हुने तेश्रो नगर सभाको तयारी एवं पेश गरिने एजेण्डाका सम्बन्धमा प्रस्तुति र छलफल भयो । नगर सभा तयारी समितिको बैठकबाट भएका निर्णय समेतका आधारमा देहाय अनुसार एजेण्डा राख्ने निर्णय गरियो ।

❖ प्रमुख एजेण्डाहरु :

- चालु आ. व. २०७५/७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको हालसम्मको प्रगति समीक्षा गर्ने ।
- भरतपुर महानगरपालिकाको पूरक बजेट पेश गरी पारित गर्ने ।
- भरतपुर महानगरपालिकाका जनप्रतिनिधिहरुको आचार संहिता, २०७५, भरतपुर महानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेक, २०७५ र एफ. एम्. रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५ स्वीकृतिका लागि पेश गर्ने ।
- केही अन्य निर्णयका लागि प्रस्ताव पेश गरी पारित गर्ने ।

२. नेपाल सरकारबाट हालै जारी भएको कर्मचारी समायोजन अध्यादेश, २०७५ का प्रमुख प्रावधानहरु र मन्त्रालयबाट प्राप्त निर्देशन एवं समायोजन प्रक्रियाका सम्बन्धमा बैठकमा जानकारी गराइयो । साविक स्थानीय निकायमा स्थायी भई यस महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई समायोजन पत्र दिने सम्बन्धमा केन्द्रले लिने थप निर्णयका आधारमा मात्र आवश्यक कारवाही अगाडि बढाउने निर्णय गरियो ।

३. नगर र प्रदेशस्तरीय कार्यक्रमहरुको कार्यान्वयनको तयारी एवं सुपरिवेक्षकका लागि सम्बन्धित वडा प्राविधिकहरुलाई स्पष्ट जिम्मेवारी तोक्ने निर्णय गरियो ।

४. भूकम्पपीडितलाई राहतस्वरुप आवास पुननिर्माण सम्वन्धमा लिइएका निर्णयहरु:-

(क) भूकम्पपीडितहरुको आवास पुननिर्माणका सम्बन्धमा लचिलो नीति अवलम्वन गर्ने विषय वार्षिक नीति तथा कार्यक्रममा रहेको तथा पुननिर्माणलाई गति दिनुपर्ने टड्कारो आवश्यकतालाई मध्यनजर गरी साविक कविलास गाविस हाल भरतपुर महानगरपालिका वडा नं २९ मा भूकम्पबाट क्षति पुर्याइएका ३३१ लाभग्राहीहरु र गुनासो सुनुवाई भई थप हुने अन्य लाभग्राही समेतको हकमा सम्वन्धित वडाध्यक्षबाट घर निर्माण सम्पन्न भएको वा घर निर्माण प्रकृया प्रारम्भ गरेको भनी मुचुल्का सहित सिफारिस गरेको तथा पुननिर्माणका लागि खटिएका प्राविधिकहरुले निर्माण भएका घरहरु र तयार पारिएको नक्शा भूकम्प प्रतिरोधी रहेको भनी प्रमाणित भै आएमा उक्त भूकम्पपिडित लाभग्राहीहरुलाई महानगरपालिकाबाट अनुदानका लागि सिफारिस दिने निर्णय गरियो । त्यस्तै अन्य वडाहरुबाट पनि नक्शापास सम्वन्धी कार्यविधि, मापदण्ड तथा स्थानीय बसोबासको सिफारिसको आधारमा महानगरपालिकाले संभाव्य लचकताका साथ अनुदान सिफारिस दिने समेत निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

(ख) भरतपुर महागरपालिकामा कार्यरत कर्मचारी एवं पुनर्निर्माणसँग सम्वन्धित प्राविधिकहरु, वडाध्यक्ष एवं सदस्यहरु र अन्य सरोकारवालासमेतको सहभागितामा बढी लाभग्राही रहेको स्थान वा पायक पर्ने स्थानमा पुनर्निर्माण सम्बन्धी सम्वाद एवं अन्तरक्रिया कार्यक्रम आयोजना गरी पुनर्निर्माण कार्यलाई साझा वुझाई एवं प्राविधिक जानकारी सहित सहजीकरण गर्ने निर्णय गरियो ।

(ग) भरतपुर महानगरपालिका वडा नं ८, शान्ती टोल निवासी विजय परियार (दर्जी) ले आफु भूकम्पीडित लाभग्राही रहेको प्रमाण सहित यस अघि नक्सापास गरी आवास निर्माणका लागि डिपिसीसम्मको निर्माण गरिसके पश्चात उक्त आवास निर्माणको अधिकांश भाग सडकको ROW मा पर्ने भनी बाँकी निर्माणको काम रोकिएको हुँदा आफु मर्कामा परेको र आफ्नो कमजोर आर्थिक स्थितिका कारण आवास निर्माण कार्य झन असहज भएको हुँदा महानगरपालिकाको तर्फबाट क्षतिपुर्ति प्राप्त होस् भनी दिएको निवेदन, वडा कार्यालयको सिफारिस तथा स्थानीय विपद् व्यवस्थापन समितिमा भएको छलफल समेतका आधारमा निजले पुनः अर्को स्थानमा आवास निर्माण गर्नुपर्ने हुँदा यसअघि भएको खर्चको २० प्रतिशतले हुन आउने रु एक लाख रकम स्थानीय विपद् व्यवस्थापन कोषबाट निज पीडितलाई उपलव्ध गराउने निर्णय गरियो ।

५. महानगरपालिका र वडा कार्यालयहरुमा प्रयोगमा रहेका सवारी साधनहरुको विवरण जानकारीका लागि बैठकमा पेश गरियो ।

६. जिल्ला प्रशासन कार्यालय, चितवनबाट सेवा प्रवाहस्थलमा जडान गरिएको सोलार प्लान्टको विल रकम रु.३,६२,९८५/- (मू.अ.कर समेत) भुक्तानी सम्बन्धी अनुरोध पत्रका सम्बन्धमा बैठकमा पेश गरी छलफल हुँदा सेवाप्रवाहसँग सम्बन्धित भएको हुँदा उक्त विल बराबरको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

विविध निर्णयहरुः

१. बढी रकम तिरी राजश्व फिर्ता पाउँ भनी निम्नानुसारले निवेदन दिनु भएकोले रकम फिर्ता दिने निर्णय गरियो ।

क. भरतपुर महानगरपालिका वडा नं १२ बस्ने राधिका कंडेलले अवास प्रयोजनको लागि बहाल कर बापतको रकम २% का दरले बुझाउनु पर्ने रकम रु ९,६००/- लिनुपर्नेमा भुलबस १२ नं. वडा कार्यालयबाट १०% का दरले रु. ४८,०००/- रसिद काटिएकोले बढी रकम रु ३८,४००/- फिर्ता दिने ।

ख. भरतपुर महानगरपालिका वडा नं. १२ बस्ने लक्ष्मीप्रसाद न्यौपानेले घर निर्माण सम्पन्न लिंदा मिति २०७४/०३/१८ र २०७४/०८/१२ मा दुई पटक एउटै प्रयोजनको लागि रु. ४,०००/- का दरले भूलबस रु. ८,०००/- बुझाएकोहुदा रु. ४,०००/- फिर्ता दिने।

प्रमुख

Scanned by CamScanner

२. भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको स्थानीय स्वायत्त शासन ऐन एवं नियमावलीको मर्म अनुरुप बढुवा प्रयोजनको लागि मात्र सेवा अवधि जोड्ने गरी नगर प्रमुखज्यूबाट मिति २०७५/०९/०१ गते भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नाम,थर | पद, तह | शुरुको नियुक्ति मिति | स्थायी नियुक्ति मिति | कूल सेवा अवधि | जोडिने सेवा अवधि |
|---|---|---|---|---|---|---|
| १. | मेनका पण्डित | सुचना अधिकृत, छैठौं | २०६०/०४/०१ | २०७४/०९/०२ | १४ वर्ष ५ महिना | ९ वर्ष ४ महिना (६६%) |
| २. | अनिता श्रेष्ठ | ना.सु , पाँचौ | २०६०/०४/०१ | २०७४/०९/०२ | १४ वर्ष ५ महिना | १० वर्ष ९ महिना (७५%) |
| ३. | जयराम भण्डारी | ना.सु , पाँचौ | २०६२/०४/०१ | २०७४/०९/०२ | १२ वर्ष ५ महिना | ९ वर्ष ४ महिना (७५%) |
| ४. | राम प्रसाद भट्टराई | सव इन्जिनयर, पाँचौ | २०६०/१२/२३ | २०७४/०९/०२ | १३ वर्ष ८ महिना | १० वर्ष ३ महिना (७५%) |
| ५. | अरुण थापा | खरिदार, चौथो | २०६७/०४/०१ | २०७४/०९/०२ | ७ वर्ष ५ महिना | ५ वर्ष ४ महिना (७५%) |
| ६. | बुद्दी सागर न्यौपाने | खरिदार, चौथो | २०६०/०९/०२ | २०७४/०९/०२ | १४ वर्ष | १० वर्ष (७५%) |

३. भरतपुर महानगरपालिका ४ नं. वडा कार्यालय नजिक रहेको सार्वजनिक जग्गामा नेपाल जर्नि नामक संस्थाले विद्युतीय पुस्तकालयको भवन निर्माण गर्न जग्गा माग गरेकोमा ०-२-१० जग्गामा भवन निर्माण गर्न अनुमति दिने निर्णय गरियो । त्यसैगरी भरतपुर महानगरपालिका वडा नं. १२ धनगढा मन्दिर नजिकै साविक भरतपुर ३/क कि.नं. ६०७१ बाट ०-०-९ र कि.नं. १५० बाट ०-३-६ गरी जम्मा ज. वि. ०-३-१५ मा १२ नं. वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।

४. भरतपुर महानगरपालिका क्षेत्रको बजार एवं ट्राफिक व्यवस्थापन समितिले साना सार्वजनिक सवारी साधन (म्याजिक, साना माइक्रो लगायत) सम्बन्धी यसअघि गरेका सबै निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner